कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र
इटहरी, सुनसरी

प.सं. ०८३/०८४ मिति-२०८३/०६/०२

**EDLVRS प्रणालीमार्फत आवेदन पेश गर्दा विवरण एकरूपता कायम गर्ने तथा नागरिक सहायता कक्षबाट सेवा लिने सम्बन्धी सूचना।**

हाल प्रयोगमा रहेको **EDLVRS प्रणाली (eldvrs.koshi.gov.np)** मार्फत आवेदन दिने सेवाग्राहीहरूले आवेदन पेश गर्नुअघि देहायबमोजिमका विवरणहरू अनिवार्य रूपमा जाँच गरी **एकरूप भएको सुनिश्चित** गर्नुहुन अनुरोध छ।

१ .<u>New License (नयाँ सवारी चालक अनुमतिपत्र)</u>

आवेदनका लागि प्रयोग गरिएको **SIM आफ्नै नाममा दर्ता भएको** हुनुपर्नेछ। सेवाग्राहीले प्रविष्ट गरेको **मोबाइल नम्बर जुन व्यक्तिको नाममा दर्ता भएको छ, सोही व्यक्तिको नाम प्रणालीमा स्वतः प्राप्त हुने** व्यवस्था रहेको छ। आवेदनमा प्रविष्ट गरिएका विवरणहरू **राष्ट्रिय परिचयपत्र (NID) मा रहेको विवरणसँग पूर्ण रूपमा मिलेको** हुनुपर्नेछ। आवेदनमा प्रविष्ट गरिएको विवरण र **राष्ट्रिय परिचयपत्र (NID)** मा रहेको विवरणबीच फरक परेमा **आवेदन स्वतः रद्द हुने** भएकाले आवेदन पेश गर्नुअघि विवरण जाँच गरी एकरूप भएको सुनिश्चित गर्नुहुन अनुरोध छ।

२ .<u>Renewal (नवीकरण), Add Category (वर्ग थप) तथा प्रतिलिपि (Copy)</u>

आवेदन दिनुअघि आफ्नो सवारी चालक अनुमतिपत्र (License) मा रहेको विवरण र राष्ट्रिय परिचयपत्र (NID) मा रहेको विवरण एकरूप भएको सुनिश्चित गर्नु होला। License मा रहेको विवरण र NID मा रहेको विवरण फरक भएमा आवेदन पेश गर्नुअघि EDLVRS प्रणालीको "License Correction (लाइसेन्स सच्याउने आवेदन)" मार्फत License मा रहेको विवरण सच्याई विवरण एकरूप भएपछि मात्र आवेदन पेश गर्नुहुन अनुरोध छ।
License तथा NID मा रहेको विवरणबीच फरक परेमा आवेदन स्वतः रद्द हुने भएकाले आवेदन पेश गर्नुअघि सबै विवरण ध्यानपूर्वक जाँच गरी एकरूप भएको सुनिश्चित गर्नुहुन अनुरोध गरिन्छ।

३ .<u>अनधिकृत व्यक्ति तथा बिचौलियाबाट सेवा नलिने सम्बन्धमा</u>

सवारी चालक अनुमतिपत्रसम्बन्धी सेवा लिन **अनधिकृत व्यक्ति वा बिचौलियाको सम्पर्कमा नजानुहुन** तथा सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा लिन वा जानकारी आवश्यक परेमा **सिधै यस कार्यालयको नागरिक सहायता कक्षमा सम्पर्क गर्नुहुन** सम्पूर्ण सेवाग्राहीहरूमा अनुरोध गरिन्छ।

कार्यालय प्रमुख